म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ | अङ्कः- १९१ | २०८१ जेठ २१ गते सोमबार 3 June 2024, Monday - | पृष्ठ ४ | मूल्य रू. ५/-




### उद्योगीको गुनासो

# उद्योग सञ्चालनको वातावरण भएन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका उद्योगी व्यवसायीहरुले देशमा उद्योग सञ्चालनको वातावरण अनुकूल नरहेको गुनासो गरेका छन्। उनीहरुले प्रदेशमा उद्योग सञ्चालन अनुकूल नभएकाले उद्योगमैत्री वातावरण निर्माण गर्न सरकारसँग माग गरेका हुन्।

उद्योग, वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय बागमती प्रदेश हेटौंडाको आयोजना तथा बागमती प्रदेश उद्योग वाणिज्य महासंघको समन्वयमा आइतबार सम्पन्न उद्योग व्यवसायसँग सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा आर्थिक मन्दीको असरको चपेटामा रहेका उद्योगीहरुलाई सहुलियत हुने प्रकृतिका कार्यक्रम ल्याउन उद्योग व्यवसायीहरुले माग गरेका हुन्। संघीय सरकारले बजेटमा उद्योगी व्यवसायीका सवालमा समेट्न नसकेका विषयहरु प्रदेश सरकारले सम्बोधन गर्नुपर्ने व्यवसायीले बताएका छन्। व्यवसायीहरुका अनुसार बागमती प्रदेशभित्र रहेका ३ वटा औद्योगिक क्षेत्रको विकास र व्यवस्थापनमा प्रदेश सरकारले भूमिका खेल्नुपर्नेछ। उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति तथा उत्पादित वस्तुको सहज बजारीकरणमा सरकारले उद्योगी व्यवसायीहरुलाई सघाउनुपर्ने उनीहरुको भनाइ छ।



कार्यक्रममा सहभागीका तर्फबाट धारणा राख्दै उद्योगी तथा व्यवसायीहरुले विदेशबाट आयात हुने वस्तुसँगै नेपाली उत्पादनले मूल्यमा प्रतिस्पर्धा गर्न सक्ने अवस्था नरहेकाले भन्सार विन्दुमा तयारी वस्तु तथा कृषि उपजमा कडाइ गर्नुपर्ने बताए। 'राज्यले उद्योग सञ्चालन गर्ने होइन। उद्योग सञ्चालन र लगानीको वातावरण निर्माण गर्ने हो', एक व्यवसायीले भन्नुभयो- 'हेटौंडा कपडा उद्योग सेनालाई चलाउन दिने सरकारको नीतिविरुद्ध उद्योग वाणिज्य संघले आवाज उठाउनुपर्छ।'

उद्योगीलाई उद्योग स्थापनाको लागि सहजरुपमा जग्गा उपलब्ध गराउन सरकारले पहल गर्नुपर्ने व्यवसायीको माग छ। उद्योग/व्यवसाय दर्ता, नवीकरण तथा कर प्रणालीमा रहेका प्रशासनिक झन्झटलाई सरकारले सहजीकरण गर्नुपर्ने उनीहरुको भनाइ छ। करका दरलाई समयानुकूल निर्धारण गरी आर्थिक मन्दीको मारमा परेका व्यवसायीको पक्षमा सरकारले राहत प्याकेज ल्याउनुपर्ने उनीहरुले बताएका हुन्। उनीहरुले उत्पादन र उत्पादकत्व वृद्धिका लागि सरकारले सोही अनुसारको उद्योग स्थापनाको वातावरण तयार गर्नुपर्ने बताए। नयाँ उद्योगीलाई आकर्षण गर्न र युवालाई उत्पादनमा जोड्न तालिम तथा लगानीको व्यवस्था गर्नुपर्ने उनीहरुको भनाइ छ।

'घरेलु मदिरालाई ब्राण्डिङ गरी निर्यात गर्ने, औषधीजन्य प्रयोजनका लागि गाँजा उत्पादनमा सरकारले नीतिगत व्यवस्था गरेर अघि बढ्नुपर्छ। नेपाललाई पर्यटन र आईटीको हव बनाउनका लागि सरकारले नया प्रकृतिका कार्यक्रम ल्याउन र कार्यान्वयनमा सशक्त बन्न जरुरी छ। उद्योगमैत्री वातावरण निर्माण गरेर सरकार जवाफदेही बनेर नीति कार्यक्रम कार्यान्वयन अघि बढ्नुपर्छ।' उनीहरुले भने।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन सचिव राजेन्द्रकुमार केसीले सरकारले उद्योग व्यवसायमा परेको असरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम ल्याएको बताउनुभयो। उद्योग क्षेत्रबाट नै समृद्धि सम्भव रहेकाले सोही अनुसारको नीति ल्याएर सरकारले नयाँ उद्योगका लागि लगानीको वातावरण तयार गर्ने प्रयत्न गरिरहेको उहाँले बताउनुभयो। सचिव केसीका अनुसार सरकारले उद्योगमैत्री बजेट निर्माणका लागि विभिन्न चरणमा छलफल गरेर कार्यक्रमहरु तयार पारेको छ। बागमती प्रदेशमा उद्योगको अवस्था सुधार गर्न र बजारीकरणमा सघाउने गरी सरकारले बजेट विनियोजन गर्ने तयारी गरेको उहाँको भनाइ छ।

'प्रादेशिक औद्योगिक तथा वाणिज्य नीति तर्जुमा गरी मौजुदा ऐन, कानुन तथा कार्यविधिमा समसामयिक सुधार गर्ने सरकारको तयारी रहेको छ', सचिव केसीले भन्नुभयो- 'छरिएको पुँजीलाई एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न, बन्द रहेका उद्योग सञ्चालन र व्यवस्थापन गर्न तथा प्रदेशभित्र स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरी लगानीको वातावरण तयार गर्न प्रदेश लगानी बोर्ड गठनका लागि कानुनी व्यवस्था गर्ने तयारी रहेको छ।' उहाँका अनुसार सरकारले आगामी १० वर्षको अवधिलाई लगानी दशकका रूपमा अगाडि बढाउने तयारी गरेको छ। प्रदेशका सबै निर्वाचन क्षेत्रमा स्टार्टअप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवासहितको उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने सरकारको तयारी रहेको उहाँले बताउनुभयो।

युवा तथा विद्यार्थीहरुको प्रतिभालाई उद्यमशीलतामा रुपान्तरण गर्न आईडिया ल्याब र बिजनेस ईन्कुबेसन केन्द्रहरू स्थापना गर्ने तथा उपयुक्त सोच तथा कार्यक्रमलाई बीउ पुँजी वा ब्याज अनुदान, प्राविधिक सहयोग सरकारको रणनीत रहेको सचिव केसीको भनाइ छ। मौलिक तथा स्वदेशी उत्पादन प्रयोग गर्ने, संस्कृति विकास गर्ने, स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह, एक उद्योग ग्राम कार्यक्रम सञ्चालन गर्ने, उपभोग्य वस्तुको गुणस्तर कायम गर्न प्रदेशस्तरमा खाद्य गुणस्तर मापन प्रयोगशाला स्थापनाको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो। प्रदेशभित्र उत्पादन हुने फलफूल, अन्न र जडिबुटीबाट मदिरा उत्पादनका लागि कानुन निर्माणका लागि संघीय सरकारसँग समन्वय गर्ने उहाँले जानकारी दिनुभयो।

### एमाले मकवानपुर अधिवेशन
### ७६५ प्रतिनिधिले मतदान गरे

# आज बिहानदेखि मतगणना गरिने



*मतदानका लागि लामवद्ध प्रतिनिधिहरु आफ्नो परिचयपत्र देखाउँदै।*

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले मकवानपुरको नयाँ नेतृत्व चयनका लागि ७ सय ६५ प्रतिनिधिले मतदान गरेका छन्। आइतबार दिनको ४ बजेर १५ मिनेटमा सुरु भई राती करिब १० बजे मतदान सम्पन्न भएको निर्वाचन अधिकृत पिताम्बर बास्तोलाले जानकारी दिनुभएको छ।

निर्धारित समयभन्दा ३ घण्टा १५ मिनेट ढिलो गरी मतदान सुरु भएको थियो। निर्वाचन समितिले आइतबार दिउँसो १ बजेदेखि मतदान सुरु हुने तालिका सार्बजनिक गरे पनि दिउँसो ४ बजेर १५ मिनेटमा मतदान सुरु भएको थियो। ७ सय ७७ जना प्रतिनिधि मध्ये १२ जना अनुपस्थित रहेको निर्वाचन समितिले जनाएको छ। एमाले मकवानपुरको ५ पदाधिकारीसहित १०५ सदस्यीय जिल्ला कमिटी चयनका लागि निर्वाचन भएको हो। मतगणना भने आज सोमबार बिहान ७ बजेदेखि हेटौंडा-४ स्थित भुवनेश्वर मन्दिरको सभाहलमा हुने बताइएको छ।

एमाले मकवानपुरको नेतृत्वका लागि अध्यक्ष पदमा ४ जनाको उम्मेदवारी रहेको छ। एमाले केन्द्रको बलियो साथ पाएका रघुनाथ खुलालले एकाएक मनोनयन फिर्ता गरेर चुनावी मैदानबाट बाहिरिएपछि अध्यक्षका आकांक्षी ४ जनामा सीमित भएको हो। पार्टी केन्द्र कै निर्देशनमा उहाँले उम्मेदवारी फिर्ता गरेको बुझिएको छ भने उहाँले पार्टी केन्द्रको निर्देशन अनुसार अर्का उम्मेदवार इन्द्रमान स्याङ्तानलाई समर्थन गर्नुभएको छ।

यस्तै उपाध्यक्ष पदमा ४ जना, सचिवमा ३ जना, उपसचिव खुल्ला तर्फ ५ र महिलातर्फ ४ जनाको उम्मेदवार छन्। एमाले मकवानपुरको अध्यक्ष पदमा देवराज रिमाल, इन्द्रमान स्याङ्तान, श्रीधर पोखरेल र लालबहादुर थापाको उम्मेदवारी रहेको छ। उपाध्यक्षमा हिदम लामा, सुनिल मोक्तान, ध्रुब चौलागाई र भरत दुलालको उम्मेदवारी परेको छ। सचिवमा मदन कुमार दाहाल, सीता बिष्ट र राजन थापाको उम्मेदवारी रहेको छ। उपसचिव खुलातर्फ ईन्द्रप्रसाद नेपाल, कृष्णप्रसाद चौलागाई, दीपक खड्का, फुर्वा दोर्जे लामा र खेमराज मगरको उम्मेदवारी रहेको छ। उपसचिव महिलातर्फ कल्पना बलामी, जुना दाहाल, आरती पाठक र पार्वती रानाको उम्मेदवारी रहेको छ।

# दक्ष जनशक्ति उत्पादन गर्ने प्रदेश सरकारको चाहनाः मन्त्री मोक्तान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले बागमती प्रदेश सरकारले सबै जनालाई सीप सिकाएर दक्ष जनशक्ति उत्पादन गर्न चाहेको बताउनुभएको छ। आइतबार हेटौंडामा नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको राष्ट्रिय व्यावयायिक योग्यता प्रणाली कार्यान्वयनमा निजी क्षेत्रसँगको सहकार्यसम्बन्धी छलफल कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो।

अहिले युवाहरुले सीप सिक्न चाहेपनि नपाइरहेको भन्दै उहाँले आवश्यकता अनुसारको दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश सरकारले छलफल गरिरहेको बताउनुभयो। यसका लागि प्रदेश सरकारले सीप वर्षको घोषणा गरी तयारी गरिरहेको उहाँले बताउनुभयो। उहाँले प्रदेश सरकारले अहिले प्रदेश युवा परिषद्बाट ६ हजार जना युवाहरुलाई तालिम दिइरहेको दावी गर्नुभयो। हरेक क्षेत्रमा दक्ष जनशक्ति आवश्यक रहेको पनि उहाँले बताउनुभयो।

यस विषयमा कसरी अगाडि बढ्न सकिन्छ भनेर तीनै तहका सरकार र निजी क्षेत्रले छलफल गरेर सहकार्य गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो। उहाँले प्रदेश सरकाले अहिले नीति तथा कार्यक्रममाथि छलफल गरिरहेको बताउनुहुँदै निजी क्षेत्रसँग जोडेर बजेट आउने आश्वासन दिनुभयो।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका सभापति दिलसुन्दर श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव राजन पौडेललगायत प्रदेशभित्रका उद्योग वाणिज्य संघका अध्यक्षहरु तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

# वेवारिसे १५९ सवारी साधन लिलाम बिक्री

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुरले सरकारी तथा स्वामित्व नखुलेका वेवारिसे सवारी साधनहरु लिलाममा बिक्री गरेको छ। आइतबार उक्त वेवारिसे १ सय ५९ सवारी साधन १९ लाख ४३ हजार ९ सय ३४ रुपैयाँमा एक सप्लार्यसलाई बिक्री गरिएको हो।

तालुक प्रहरी कार्यालयको आदेशानुसार जिल्ला प्रहरी कार्यालय र मातहतका कार्यालयमा रहेका चार पाङ्ग्रे दुई वटा र दुई पाङ्ग्रे १ सय ५५ सवारी साधन लिलाममा बिक्री गरिएको हो।

उक्त वेवारिसे सवारी साधनहरु लिलाम बिक्रीका लागि गत बैशाख ७ गते बोलपत्र आह्वान गरिएको थियो। जसमा हेटौंडा-२ स्थित रेड राइजिङ सप्लायर्सले सबैभन्दा बढी रकम तिरेपछि लिलाम बिक्री स्वीकृत गरिएको जनाइएको छ।

## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मितिः २०८१/०२/२१ गते*

यस विद्यालयका लागि निम्न तह र विषयका शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकोले तपसीलअनुसारको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ...।

**तपसील**

| क्र.सं. | तह/विषय | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| १) | प्राथमिक शिक्षक (अंग्रेजी) | १ (एक) | मुख्य विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण। |

दरखास्त दिने अन्तिम मितिः २०८१/०२/२५ गते शुक्रबार दिनको ४ बजेसम्म।
लिखित परीक्षाको मितिः २०८१/०२/२६ गते बिहान शनिबार ११ बजे।
परीक्षाको किसिमः लिखित, कक्षा अवलोकन र अन्तरवार्ता।
पाठ्यक्रमः प्रावि तह भएतापनि निमावि तहको अंग्रेजी विषयको वस्तुगत बाहेक विषयगत १०० पूर्णाङ्कको प्रश्न हुनेछ।
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
परीक्षा दस्तुरः रु १,०००/-
आवश्यक कागजात : नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, हस्तलिखित निवेदन र पासपोर्ट साइजको फोटो।

नोटः- अध्यापन अनुमतिपत्र अनिवार्य नरहेको जानकारी गराइन्छ।

**ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय**
**हेटौंडा-५, भैरवरोड**
**०५७-५२३४१५/९८५५०६९१८४/९८५५०६९२८४**

## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेंलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउँन सक्ने हुँदा डढेंलो लाग्नबाट जोगाउँन विशेष सावधानी अपनाऔं।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

# सम्पादकीय

## कर्मकाण्डी प्रक्रियाको अन्त्य

नेपाली समुदायमा एउटा भनाइ निकै प्रचलित छ, "बिरालो बाँधेर श्राद्ध गर्ने ।" कुनै बेला घरमा बिरालो पालेका व्यक्तिले बिरालोले जथाभावी नगरोस् भनेर श्राद्धको दिन बिरालो बाँधेर श्राद्ध गरेको देखेका उनका सन्तानले गाउँबाट खाजेरै ल्याएर बिरालो बाँधेर श्राद्ध गर्न थालेको कथा धेरै नेपालीले सुनेका छन् । यसैकारण हाम्रो धेरै क्रियाकलाप "बिरालो बाँधेर श्राद्ध" गर्नेजस्तै कर्मकाण्डी परम्पराको रुपमा रहेका छन् । देशमा धेरै शासन व्यवस्था परिवर्तन गर्दै अहिलेको संघीय गणतन्त्रसम्म आइपुग्दा पनि हाम्रा क्रियाकलाप कर्मकाण्डी र प्रक्रियामुखीमात्र हुँदा परिणाममुखी हनु सकेको छैन । हाम्रा अधिकांश काम कारबाही यस्तै कर्मकाण्डी प्रकृतिका छन् । कर्मकाण्डी प्रक्रिया किन गरेको भन्दा सहजै उत्तर आउँछ- बाउबाजेदेखि गर्दै आएको हो वा परम्परा नै यस्तै छ । बाउबाजेले त्यस समयमा गरेका काम कारबाहीको उचित कारण नखोजी निरर्थक कर्मकाण्ड गर्दा परिणाम शून्यजस्तै बनिरहेको छ ।

यस्तै कर्मकाण्डको गतिलो उदाहरण हाम्रो संसदीय अभ्यासमा पनि भइरहेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा राज्यको शक्ति पृथकीकरण र सन्तुलनका लागि व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरिएको छ । जनताको प्रतिनिधिहरु रहने व्यवस्थापिका (संसद)को विशेष अधिकारहरुसमेत कर्मकाण्डी भइरहेका छन् । कार्यपालिका अर्थात् सरकारको स्वेच्छाचारी काम कारबाहीलाई सन्तुलनमा राख्नकै लागि सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेट व्यवस्थापिकामा पेश गरेर पारित गराउनुपर्ने व्यवस्था गरिएको हो । यस्तै, जनताको समस्या, गुनासा र अधिकारका लागि सरकारलाई घच्घच्याउने जिम्मेवारी पनि व्यवस्थापिकाको हो । सरकारका लागि आवश्यक कानुन निर्माण गर्ने वा संशोधन गर्ने काम पनि व्यवस्थापिकाले गर्दछ । तर, व्यवस्थापिकाले गर्ने यी र यस्ता सबैजसो काम कर्मकाण्डी र प्रक्रियामुखीमात्र बनिरहेको छ ।

शनिबार बागमती प्रदेशसभाबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित गऱ्यो । प्रदेशसभा प्रदेशको व्यवस्थापिका हो । यसले प्रदेश सरकारले पेश गरेको नीति तथा कार्यक्रम पारित गर्ने अधिकार पाएको छ । प्रदेश सरकारले पेश गरेको नीति तथा कार्यक्रम कुनै संशोधनबिना हुबहु पारित भएको छ । सरकारले ल्याएको नीति तथा कार्यक्रम अत्यन्तै राम्रो भएकाले पारित भएको होइन । सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभाका ११० सांसदमध्ये सत्तापक्ष र प्रतिपक्षका ७० जनाले आफ्ना धारणा राखेर विभिन्न सुझाव दिएका थिए । त्यतिमात्र होइन, ९ जनाले नीति तथा कार्यक्रम संशोधन गर्नुपर्ने प्रस्ताव पनि राखेका थिए । तर, सरकारले बहुमतको आडमा त्यत्रा जनप्रतिनिधिको सुझाव र धारणालाई पूरै लत्याएर नीति तथा कार्यक्रम हुबहु पारित गरायो । सांसदहरुले दिएका राम्रा सुझावलाई नसमेटी हुबहु नीति तथा कार्यक्रम पारित गर्ने हो भने प्रक्रिया पुऱ्याउनकै लागि व्यवस्थापिकामा छलफल चलाउनुको कुनै औचित्य छैन ।

जनप्रतिनिधिमूलक व्यवस्थापिकामा नीति तथा कार्यक्रम छलफल गराउनुको उद्देश्य जनचाहनाबमोजिमको नीति तथा कार्यक्रम बनोस् भन्ने हो । सरकारले ध्यान दिन नसकेको वा नखोजेको जनताको समस्यालाई जनप्रतिनिधिमार्फत् नीति तथा कार्यक्रममा समावेश गर्न सहज हुने र सरकारले ल्याएको अनुपयुक्त नीति तथा कार्यक्रम सुधार गर्नकै लागि व्यवस्थापिकाबाट पारित गराउनुपर्ने व्यवस्था गरिएको हो । प्रायः सरकारसँग बहुमत हुन्छ, बहुमतकै आधारमा सरकारले संसदलाई कर्मकाण्डी बनाएर आफ्ना नीति तथा कार्यक्रम, बजेट, कानुन पारित गराउँदै जान्छ भने संसद र सांसदको व्यवस्था गरेर राज्यको साधन स्रोत दुरुपयोगमात्र हुने हो । बिरालो बाँधेर श्राद्ध गर्ने परम्पराजस्तै संसदको अधिकार र काम कारबाहीलाई कर्मकाण्डी बनाउनु हुँदैन । सरकारले नीति तथा कार्यक्रम, बजेट, कानुन बनाउँदा सांसदसँग पर्याप्त छलफल गर्नुपर्छ । व्यवस्थापिकामा छलफलको क्रममा सांसदले दिएका राम्रा सुझावलाई सरकारले पेश गरिएका नीति, कार्यक्रम, बजेट, कानुनमा समावेश गरेर संशोधनसहित पारित नगर्दासम्म व्यवस्थापिकाको काम कारबाही कर्मकाण्डीमात्र हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : जोखिम र संकटले भरिपूर्ण समय योग छ ।
**वृष** : वस्तु खरिद बिक्रीमा समय व्यतित होला ।
**मिथुन** : आत्मबल र हौसलामा कमी आउने समय छैन ।
**कर्कट** : कामका माध्यमबाट धन र मान प्राप्त होला ।
**सिंह** : निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला ।
**कन्या** : व्यवहारिक र सामाजिक जिम्मेवारी प्राप्त होला ।
**तुला** : स्थिर प्रयोजन र शेयर कारोबारमा लागनी बढ्ला ।
**वृश्चिक** : उचित काममा सहि निर्णय गर्न सकिने योग छ ।
**धनु** : अवसर प्राप्तिका लागी दौडधूप र परिश्रम होला ।
**मकर** : लगनशील र मिहिनेतले सम्मान प्राप्त हुनेछ ।
**कुम्भ** : परिश्रमले राम्रो प्रतिफल प्राप्त हुने समय छ ।
**मीन** : आध्यात्मिक भावनाको जागृत हुने समय योग छ ।

# कहाँ हराए ती चोक, ती दोकान, ती मिठाई ?



✍डा. बालकृष्ण साह



हामी सानै थियौं । पानमा स्वाद भिजेको थिएन तर चकलेट देख्दा मुखमा पानी आउँथ्यो । चकलेटको मोहले डोऱ्याउँदै हामीलाई चोकसम्म पुऱ्याउँथ्यो । चोक, वास्तवमा चोक मात्र थिएन । हाम्रो बाल्यकालको धुमिल स्मृतिलाई सधैं बचाइराख्ने साक्षी थियो । आज कहाँ छ त्यो चोक ? कहाँ छ त्यो दुकान ? कहाँ छ त्यो चौतारी ? कहाँ छ त्यो समय ?

हो, समय बितेर गयो । समयले आफ्नो पोल्टामा धेरै कुरा लगेर गयो । आज त्यो चोक त्यस्तै छैन, जस्तो हाम्रो बाल्यकालमा थियो । अहिले त ठूलाठूला कंक्रिटका ठडिएका महल छन् । त्यही महलमा सबैथोक छ । नुनदेखि सुनसम्म । जिरादेखि हीरासम्म ।

अर्थात् भव्य मार्ट ठडिए, जहाँ मान्छेले आफ्नो आवश्यकताका सबै कुरा किन्न सक्छन् । त्यो पनि एकै छानोमुनि । अवश्य पनि यो विकास हो । तर विकासले कतिपय कुरालाई विस्थापित गर्ने रहेछ । जस्तो हाम्रो बाल्यकालको स्मृतिलाई, त्यो चोकलाई, त्यो घुम्टीलाई ।

घुम्टी (काठले बनाइएको मझौला अस्थायी सौदापात राख्ने ठाउँ), जहाँ खासगरी पान बेचिन्थ्यो । त्यसबेला दोकानको नाम राख्ने चलन उति थिएन । दोकानेको नामबाटै चिनिन्थ्यो । त्यो पान दोकानमा अरुपनि थुप्रै कुरा थियो । बिस्कुट, भुजिया, चकलेट । हेर्दै खाउँ-खाउँ लाग्नेगरी सजाइएका हुन्थे । हामीलाई त्यो घुम्टीले मोहनी लगाउँथ्यो । किनभने त्यहाँ हामीले खोज्ने मीठोमसिनोको भण्डार नै थियो ।

चोकमा अरु पनि स-साना दुकान थिए, काठले बारबेर गरेको । जस्तापाताले छाएको । 'गंगाको दोकान' हाम्रो लागि खास थियो । किनभने हामीले खोज्ने जति सबै मिठाई वा खानेकुरा त्यही पाइन्थ्यो । नयाँ बिस्कुट, चकलेट पनि त्यहाँ नै सबैभन्दा पहिले राखिएका हुन्थे । दोकानमा नयाँ खानेकुरा आउनसाथ हाम्रो मुखमा पानी भरिन्थ्यो । तर त्यसबेला पैसा कहाँबाट ल्याउने ?

चोकमा धेरै दोकान त थिएन । तर सबै दोकानसँग मान्छेको भावनात्मक सम्बन्ध जोडिएको हुन्थ्यो । नुनतेल खानेदेखि चियानास्ता गर्नेसम्म त्यही दोकानहरुले गाउँलाई सहज बनाइदिएको थियो । त्यहाँ चम्पालालको दोकान थियो, पण्डितको होटल थियो, शंकरको नास्ता दोकान थियो, रामदाइको स्टेसनरी थियो ।

शंकर दाइको आलुचप खाने, पण्डित होटलमा रसभरी अनि मःम खानुपरे साइँला दाइको एभरेस्ट मःम । चिनी किन्न चम्पालालको पसल पुग्ने अनि जिन्सका लागि दुर्गास्टोर खोज्ने चलन थियो ।

सहरैपिच्छे खानेकुराको विशेषता फरक-फरक थियो । तराईका सहरहरुमा पुरी तरकारी, समोसा, छोलाभुटुरे, चनाचिउरा बढी थियो । पहाडतिर सुकुटी, थुक्पा, दहीचिउरा, मासुचिउरा, खीर, सेल, मालपुवा जस्ता कुरा थियो ।

हरेक सामान खोज्न फरक-फरक दोकान चहार्नुपर्थ्यो । चिनी किन्न एउटा दोकान, आलु चप खान अर्कै दोकान, पान किन्न एउटा दोकान, लुगाफाटो किन्न अर्कै दोकान । गाउँलेहरु किनमेलका लागि त्यहाँ जमघट हुन्थे । आपसमा भलाकुसारी गर्थे । केटाकेटीहरु हातमा दुई-चार रुपैयाँ पाउनासाथ त्यही चोकमा दौडिँदै पुग्थे ।

दोकानेसँग प्रायः सबैको चिनजान हुन्थ्यो । गाउँले र दोकानेबीच सौहार्द्धपूर्ण सम्बन्ध हुन्थ्यो । त्यसैले भर-अभरमा एकअर्काको सहयोग हुन्थ्यो । उधारो सौदापात गर्न सकिन्थ्यो । खल्तीमा पैसा नभएपनि खाली हात फर्कनुपर्ने स्थिति हुँदैनथ्यो । यसरी दोकान र गाउँलेबीच अंकगणितको मात्र होइन, भावनाको पनि जोडघटाउ हुन्थ्यो ।

तर समयसँगै यी दोकानहरु ओझेल पर्न थाले । त्यहाँ ठूलाठूला महल निर्माण हुँदै गए । मार्टहरु बने, जहाँ एकै ठाउँ सम्पूर्ण सरसामान पाइन्छ । मलहरु खुले, जहाँ भएभरका सौदापात गर्न सकिन्छ । न उधारो, न मोलमोलाइ । पैसा पनि डिजिटल भुक्तानी गर्ने चलन आयो । धेरै कुरा बदि्लए । किनमेल संस्कृति बदि्लए । मान्छेहरु बदि्लए । चोक बदि्लए ।

पहिले पहिले दोकानमा प्रवेश गर्दा नगर्दै दोकानदार सोध्थे, 'के छ हालखबर ? सञ्चो सुविस्ता के छ ?' अहिले त न दोकानेले चिन्छन्, न दोकानेलाई । यन्त्रमानव जस्तो भयो मान्छे पनि ।

समय अनुसार हरेक कुरा बदलिन्छ । बदलिनुपर्छ पनि । त्यस्तो बदलावलाई आत्मसात गर्नुपर्छ । यद्यपि यसले कतिपय पुराना कुराहरुलाई भने ओझेल पार्नेरहेछ । कतिपय कुरालाई गायब बनाइदिने रहेछ ।

अहिले समानता चाहिने भयो, एकरुपता चाहिने भयो । एउटै रङ, एउटै डिजाइन र एउटै नामका बजार चाहिने भयो । वातानुकूलित बजार, एउटै बजारमा तरकारी, खाद्यान्न जस्ता दैनिक उपभोग्य सामानसँगै बच्चाको खेलौना, छोराको लुगा, बुहारीलाई भाँडाकुँडा, आमालाई डस्ना र बाबालाई पेय पदार्थ खरिद गर्न सकिने अनि किनमेलपछि खाजा खाएर फिल्म हेरेर मज्जा लिन सकिने बजार मनपराइने भयो । अहिले आनन्द छ । बाहिर आइसक्रिम अनि भित्र पिज्जा छ र त्यो खान पनि पसल-पसल धाउनु पर्दैन (निःशुल्क होम डेलिभरी) हुन्छ । र माइलो छ, हरेक सहरमा एउटै नाम, उस्तै बनावटका बजारमा किनमेल गर्न पाइएको छ । अनि जे-जे मन लाग्यो घरमा नै मगाउन पाइएको छ ।

पछिल्लो चरणमा मःम, चाउमिन, चटपटे, पानीपुरी जस्ता खानेकुरा थपिए । तर खानामा विविधता ?

खानामा पनि ब्रान्ड नै हाबी भयो । हरेक सहरमा एउटै नाम र एकै किसिमका परिकारहरु पाउने हुने भयो । पसलका साहु फरक होलान् । तर ब्रान्ड र आइटम सेम रे । हाम्रो सहरमा आँगन, केएफसी, पिज्जा हट खुल्यो ।

यो सहर बन्दै जाँदा मेरो छिमेकीको किराना दुकान बन्द भयो । छोराहरु जागिरे भए, अंकल नि बूढो भए । खासै फरक परेन । तर अर्का छिमेकीको रेडिमेड कपडा बेच्ने 'ट्रेडर्स' को नि व्यापार घट्यो । सिरुवा र दशैंमा त थाइल्याण्ड, चाइनाबाट पनि लुगा मगाउने तिनको पसलमा जिन्स मात्रै हजारौं थान बेच्थे । तर अहिले सो पसलमा सयको संख्यामा मात्रै पनि ग्राहक छैनन् रे । पहाडतिर माइलीको स्वादिलो थुक्पा अनि सोनेलालको समोसा मनपराउनेहरु हराउन थाले । अब मान्छे 'हेल्थ कन्सियस' भयो रे । पिज्जा, डोसा मनपराउने अनि समोसामा चिल्लो, लोकल मासुमा कोलेस्टेरोल र युरिक एसिड देख्न थाले ।

राम्रो त सायद भयो होला तर आफ्नोपन कता हरायो कता ?

*(स्रोतः अनलाईनखबर)*

# टुकीको उज्यालोमा क्वान्टम वैज्ञानिक !



✍यादवप्रसाद कँडेल

यो कथा एउटा सफलताको कथा हो। सफलता मेरो आफ्नो मात्रै हैन, सपना देख्न सिकाउने र सपना देख्न खोज्ने सबैको सफलता । कथाको पात्र म आफू भए पनि, यो म जस्ता हजारौँ–लाखौँ ती नेपालीहरुको अनुभव हो जसले तिल जत्रै सानो अवसरलाई धैर्य गरी हुर्काएर गन्तव्यमा लम्किरहेका छन् । त्यति मात्रै हैन, यो अरूको सपना पूरा गर्न आफ्ना चाहना र सम्भावनाको बलिदान दिनेहरूको कथा हो ।

बिजुली बत्ती पुग्नुअघि गाउँको पाखामा जन्मिएको म । शिक्षितहरूको सहज जिन्दगी देखेर टुकी बत्तीको उज्यालोमा आमाले कखरा सिकाउनु भयो । हामीले सानोमा पढ्नु परेको भन्दा पनि पढ्ने अवसर पाएको । परिवारमा कान्छो भएको कारण स्कुलमा मात्रै हैन घरमा पनि माथिल्लो कक्षामा पढ्ने दाइ दिदीबाट सिक्न पाइन्थ्यो । दिउँसोमा स्कुल जाने हामी बिहान साँझमा गाउँ तलको पँधेरोबाट पानी बोक्थ्यौँ, खऱ्यानबाट घाँस दाउरा ल्याउँथ्यौँ, अनि बाख्रा चराउँथ्यौँ । बर्खामा अधियाँ गरेको खेतमा रोपाई गर्दा अनि दिनै जस्तो बिग्रने टारी खेतमा पानी लैजाने कुलो मर्मत गर्दा कार्तिक–मङ्सिरमा झुल्ने धानका बाला सम्झेर खुसी हुन्थ्यौँ ।

त्यसो त बाल्यकाल अचम्मैले रमाइलो थियो । चप्पल काटेर बनाएका पाङ्गाको गाडी, च्यातिएको मोजामा कागज भरेर बनाएको बल, गुराँसको हाँगाबाट बनाएको भुरुङ, खिर्राको काठको पाङ्गा भएको ट्याम्पो– खेलौना कति कति । च्यातिएका लुगा टालेर लगाउनु सामान्य थियो । पछि बिजुलीसँगै छिमेकीको घरमा आएको टिभीमा शनिबार नेपाल टेलिभिजनमा आउने नेपाली चलचित्र फुर्सदले हेरिन्थ्यो, आइतबार चार बजे स्कुल बिदा भएपछि दौडिँदै फर्केर हिन्दी सिनेमाको लास्ट फाइटको ढिसुम–ढिसुमको नक्कल गरिन्थ्यो ।

अहिले सम्झिँदा विश्वासै गर्न गाह्रो समय थियो। गृह युद्धको बिचमा हुर्केका हामी, कहिले बाटोमा राजाका सेना लाइन लागेर हिँड्थे त कहिले माओवादी लडाकु । पहुँच र अवसरबाट टाढाको गाउँका हामी केटाकेटीलाई दुवै थरी बन्दुक बोकेका मान्छेदेखि डर लाग्थ्यो । दाइ अलि ठुलो भएकोले माओवादी गाउँमा आउने हल्ला चलेपछि जबरजस्ती लैजालान् भनेर गोठमा सुत्नु हुन्थ्यो। कसैले छोरालाई सेना पुलिसको जागिर लगाइदिन्छु भन्दै आउँदा आमाले आधी पेट खाउँला तर छोरालाई मर्ने मार्ने जागिरमा पठाउँदिनँ भनेर फर्काइदिनु हुन्थ्यो ।

हरेक वर्ष नयाँ लुगा आकाशे निलो सर्ट र गाडा निलो पाइन्ट पाइन्थ्यो । चाडपर्वको बेलामा मेला भर्न जाँदा तिनै नयाँ स्कुल ड्रेसमा मक्ख । स्कुलमा भौतिक स्रोत नभए पनि शिक्षक शिक्षिकाले मेहनत गर्न खोज्नेहरुलाई सके र जाने जति सहयोग गर्नु नै हुन्थ्यो । त्यो बेला नर्सरी, केजी हैन, ककरे–मात्रे पछि एक कक्षामा पुग्ने चलन थियो । सानोमा दुई थोपा पोलियो, जीवन बन्छ बलियो भन्दै लाइन लगाएर प्राथमिक स्वास्थ्य चौकीमा पोलियो थोपा ख्वाउन लैजाने सर-मिसले ६२/६३ सालतिर प्रजातन्त्र जिन्दाबादको नारा लगाउन सिकाउनु भयो ।

दश कक्षासम्म पढिसकेपछि गाउँमा केटा भए भारत, मलेसिया वा कतार काममा जाने । केटी भए बिहे गरिदिने चलन थियो । घरको अवस्था अरूको भन्दा फरक थिएन, तर आमाको सोचाइ भने सबैको भन्दा फरक थियो । बुवा लगायत गाउँका सबै लोग्ने मान्छे जिन्दगीभर भारतमा मजदुरी गर्दा पनि कसैको जिन्दगीमा खासै ठुलो परिवर्तन आएको थिएन । आमालाई त्यो चक्र जसै गरी भत्काउनु थियो ।

मैले एसएलसी दिँदाको वर्ष दाइ काठमाडौँको एउटा पुस्तक पसलमा काम गर्दै बिए पढ्दै हुनुहुन्थ्यो । मासिक तलब जम्मा २८ सय रुपैयाँ । जिल्लाकै क्याम्पसमा आइएमा भर्ना हुन तयार भएको मलाई दाइले काठमाडौँ बोलाउनु भयो । त्यसपछिको दुई वर्ष त्यही दिनको एक सयभन्दा कम तलबबाट हाम्रो बसाइँ र पढाइ खर्च निस्कियो ।

सुरुमा त्रिचन्द्र क्याम्पसमा आइकम पढ्ने कुरा हुँदै थियो । भान्जा टाठा छन्, विज्ञान पढ्नु पर्छ भन्दै मामाले आफैले फी तिरेर हिलवर्ट क्याम्पसमा भर्ना गरिदिनुभयो । मामाले नै किन्दिएको ड्रेसमाथि पहिलो पटक टाई लगाएर ११ कक्षा पढ्न जाँदा मलाई त्यो सबै सपनाजस्तै लागिरहेको थियो ।

दश कक्षासम्म नेपाली भाषामा विज्ञान र गणित पढेको मेरो लागि ११ कक्षाको अङ्ग्रेजी भाषामा साइन्स र म्याथ निकै अप्ठ्यारो थियो । भाषाकै कारण सुरु सुरुमा गणितका हिसाबसम्म पनि कण्ठ नै गर्नु पर्ने अवस्था थियो । तर भाषा नै त हो, बिस्तारै बानी पऱ्यो ।

बाह्रमा पुग्दासम्म मासिक एक हजार रुपैयाँको होम ट्युसनको जागिर सुरु भइसकेको थियो । त्यसपछि एमएससी पढुन्जेल कहिले स्कुलको त कहिले कोचिङ कक्षा, मास्टरी चली नै रह्यो । दिनभरको फुल टाइम जागिरको कारण बिएससी त्रिचन्द्र क्याम्पस नै नगई, आफैँ पढेर सकियो । एमएससी ताका भने बिहानभरि कोचिङ पढाउने जागिर अनि दिउँसोमा कीर्तिपुरमा कक्षा । अलिक मेहनत गरेर बुझाएर पढाउने सरको बाहेक कक्षामा अन्तिम बेन्चमा बसेर कि त भोलिको कोचिङ कक्षाको तयारी गरिन्थ्यो कि भने नपुगेको निद्रा पुऱ्याइन्थ्यो ।

पढ्दै गर्दा अनेकौँ राजनीतिक परिवर्तनहरु भए । राजतन्त्र हट्यो, संविधान बन्यो, अनि दशकौँ पछि स्थानीय निकायका चुनावहरू भए । नेपाल बन्द, चक्काजाम, नारा जुलुस त सामान्य नै लाग्थ्यो । दशौँ हजारको ज्यान जाने गरी भुइँचालो गयो । सारा नेपालीको दैनिकी अस्तव्यस्त बनाउने नाकाबन्दीको बेला घरबेटी बाको करेसामा दाउरामा खाना पकाएर खाइयो । यी नै यस्तै कारणले त्रिभुवन विश्वविद्यालयलाई तीन वर्षे स्नातक तह सक्न चार वर्षभन्दा धेरै र दुई वर्षे स्नातकोत्तर तह सक्न तीन वर्षभन्दा धेरै समय लाग्यो । र पनि सबै जनाको सहयोग, हौसला र पढ्नुपर्छ भन्ने

....बाँकी पृष्ठ ३ मा

# डायलाइसिस विभागमा जनशक्ति अभाव

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको डायलाइसिस विभागमा जनशक्ति अभाव रहेको छ । बिरामीको संख्याअनुसार जनशक्ति अपुग भएको विभागकी ईन्चार्ज सीमा कँडेलले बताउनुभयो । विभागमा एक जना डाक्टर, ९ जना स्टाफ नर्स र ४ जना कार्यालय सहयोगीले बिरामीलाई सेवा दिइरहनु भएको छ ।

'विभागमा बिरामीको क्रम तिब्र गतिमा बढिरहेको छ', इन्चार्ज कँडेलले भन्नुभयो- 'बिरामीको चापअनुसार थप एक जना डाक्टरको आवश्यता परिरहेको छ ।' ६९ जना बिरामीले डायलाइसिस विभागबाट सेवा प्राप्त गरिरहेका छन् । जसमा ४९ जना पुरुष र २० जना महिला रहेका छन् । कँडेलका अनुसार विभागबाट सेवा लिन ५५ जना बिरामी प्रतीक्षा गरि रहेका छन् ।

हेटौंडा अस्पतालबाट डायलाइसिस सेवा प्राप्त गर्न मकवानपुर जिल्ला बाहिर का बिरामी पनि आउने गरेका छन् । अहिले विभागबाट बाराका ४ जना र पर्सा, सर्लाही र सिन्धुलीका एक-एक जनाले सेवा लिइरहेका छन् भने सेवा लिनेमा मकवानपुरका ६२ जना छन् । विभागले अहिले बिरामीलाई रिफर नगरेको उहाँको भनाइ छ । विभागमा भएको १९ वटा मेसिनमध्ये १४ वटा मेसिन सञ्चालनमा छ भने ४ वटा बिग्रेको र एउटा स्थापना भइरहेको छ । डायलाइसिस गरिरहेका बिरामीको अवस्था सामान्य रहेको कँडेलेले बताउनुभयो । रक्त सञ्चार केन्द्रले नियमितरुपमा बिरामीहरुलाई निःशुल्क र गत प्रदान गरिरहेको छ । संघसंस्थाले गर्ने सहयोग पहिलेको तुलनामा अहिले कम रहेको कँडेलको भनाइ छ ।

मिर्गौलाका बिरामीहरुले हप्तामा दुई पटक डायलाइसिस सेवा लिने गरेका छन् । आइतबार डायलाइसिस गरेका बिरामीहरुले बुधबार पनि डायलाइसिस गर्दछन् । यस्तै, सोमबार डायलाइसिस गरेका बिरामीले बिहीबार र मंगलबार डायलाइसिस गरेका बिरामीले शुक्रबार डायलाइसिस गर्ने व्यवस्था मिलाइएको छ । एक जना बिरामीको डायलाइसिस गर्न ४ घण्टा लाग्छ भने एक जना बिरामीलाई हेर्न २ जना स्टाफ नर्सको आवश्यकता पर्दछ ।

# विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रम सम्पन

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको आयोजनामा बालविवाह अन्त्यका लागि समुदाय परिचालन तथा बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमअन्तर्गत विद्यालयस्तरीय सचेतनामूलक अभिमुखीकरण कार्यक्रम भएको छ । आइतबार मकवानपुरगढी-३, मक्राञ्चुलीस्थित भानु माध्यमिक विद्यालयका ५० जना विद्यार्थीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा २० वर्षभन्दा कम उमेरमा विवाह गर्दा बालबालिकामा मानसिक, शारीरिकरुपमा कस्ता असर पर्छन् भने विषयमा सहजीकरण गरिएको थियो । साथै, सचेतनामूलक भिडियो पनि विद्यार्थीहरुलाई देखाइएको थियो । बालश्रम, बालअधिकार, अनलाइन दुर्व्यवहार तथा मोबाइलको सही प्रयोग कसरी गर्ने, लागूपदार्थ दुर्व्यसनी र यसका नकारात्मक असर, साइबर अपराध कसरी हुन्छ, यसबाट जोगिन के के गर्नुपर्छ भन्ने विषयवस्तुमा सहजीकरण गरिएको थियो ।

कार्यक्रममा कक्षा ८, ९ र १० का २५ जना छात्र र २५ जना छात्राको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण सिविन बाल हेल्पलाइन हेटौंडाका प्रशिक्षक सम्झना अधिकारीले गर्नु भएको थियो । मकवानपुरगढी गाउँपालिकाको आयोजनामा १४ गते १ नम्बर, १६ गते ६ नम्बर र १८ गते ५ नम्बर वडामा कार्यक्रम सञ्चालन गरिसकिएको छ । अब २, ४, ७ र ८ नम्बर वडामा सहजीकरण गर्न बाँकी रहेको छ ।

कार्यक्रम तीन नम्बर वडाध्यक्ष भागवत घिमिरेको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा वडा सदस्य प्रेमबहादुर थोकर, भानु माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिलप्रसाद चौलागाईं, भानु माध्यमिक विद्यालय प्रधानाध्यापक राजेन्द्र थापा, बाल क्लबका अध्यक्ष, सचिव, सदस्यलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संयोजक शाखा प्रमुख सावित्री सापकोटा र सामाजिक विकास अधिकृत सूर्यबहादुर रहनुभएको छ ।

# टुकीको उज्यालोमा...

हुटहुटीले भौतिक शास्त्रमा स्नातक सकियो ।

नेपालका दिग्गज भौतिक शास्त्री उदयर ाज सरले 'भौतिक विज्ञान धन विज्ञान' हो भन्नु हुन्थ्यो । हुन पनि बिसौं शताब्दीको सुरुतिर धनी मुलुकहरूले भौतिक शास्त्रमा गरेको लगानीकै कारण आणविक ऊर्जा, सिलिकनमा आधारित कम्प्युटर, नयाँ सूचना प्रविधि, अन्तरिक्ष यात्रा लगायतका हामीले अहिले प्रयोग सबैजसो प्रविधिको सम्भव भएको हो ।

नेपालमा लगानीको अभाव भए पनि भौतिक शास्त्रमा अनुसन्धान गर्न चाहनेका लागि विकसित देशमा भने धेरै अवसरहरु छन् । सर हरुको सुझाव र अरुको देखासिकीमा छात्रवृत्तिसहित विद्यावारिधिको लागि २०७४ सालमा अमेरिका आएपछि जिन्दगीको अर्को अध्याय सुरु भयो । प्रयोगशालामा नयाँ अनुसन्धानको लागि कहिल्यै नदेखेका र प्रयोग नगरेका प्रविधि र साधनको प्रयोग गर्नु पर्ने ।

दिनमा १८ घण्टासम्म प्रयोगशालामै बसेर अनुसन्धान गर्नु पहिले ऋषिमुनिले गर्ने तपस्याभन्दा धेरै फरक थिएन । अनुसन्धान सुरु गरेको एक वर्षमै विज्ञान शोधपत्रको लागि सबैभन्दा उत्कृष्ट नेचर जर्नलमा आफ्नो अनुसन्धान प्रकाशित भएपछि आत्मविश्वास अझै बढेर आयो । त्यसपछिका ६ वर्ष क्वान्टम विज्ञानका सिद्धान्तको परीक्षण र त्यसैमा आधारि त नयाँ प्रविधिको विकासमा बिते ।

हालसालै सम्पन्न विद्यावारिधि दीक्षान्त समारोहमा बसिरहँदा म आफू मात्रै हैन, म र म जस्ताहरूको लागि असम्भवजस्तै लाग्ने सपना पूरा भएकोमा आफू त खुसी थिएँ नै, सँगसँगै मेरो सपना साकार पार्न सहयोग गर्ने सबै जनाप्रति मन आभारले भरिएको थियो। मैले स्टेजमा भौतिक विज्ञानको विद्यावारिधि डिग्री लिँदै गर्दा दर्शकको लहरमा बसेर मेरी अनपढ आमाले जोड जोडले ताली बजाउँदै हर्षको आँसु खसाउँदै हुनुहुन्थ्यो । अनि मेरो सपनाको त्यान्द्रोको लागि झँक्रो बनेर उभिने दाइदिदी र सुख दुःखका समयमा सहयोग र साथ दिने डेनिसा लगायत आफन्त र शुभेच्छुकहरु मध्यरातसम्म जागै बसेर लाइभ प्रसारण भइरहेको मेरो हुटिङमा आफू नै दीक्षित भए सरि गर्वानुभित हुनुहुँदै थियो ।

*(लेखक क्वान्टम वैज्ञानिक हुन् । स्रोतः सेतोपाटी)*

## पासपोर्ट हराएको सुचना

**यहि मिति २०८० साल चैत्र ७ गते बागमति गाउँपालिका–१, करौंजे मकवानपुर बस्ने यनुस राईको घरदेखि काठमाडौं जाने क्रममा बाटोमा ०९२०४०६९ नम्बरको पासपोर्ट हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित नम्बरमा सम्पर्क गरी जानकारी गराई दिनु हुन अनुरोध गरिन्छ ।**

**सम्पर्कः ९८४९४७८७७८**

विशेषता : जापानिज भाषा
PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।

सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

## सूचना सूचना सूचना

यस मलमल प्याकेजिङ उद्योग प्रालि हेटौंडा-४ बाट उत्पादित उत्पादनको मूल्य यही मिति २०८१/०२/२० गतेबाट लागु हुने गरी निम्नअनुसार कायम गरिएको छ ।

| विवरण | उद्योगको विक्री मूल्य | डिलरको विक्री मूल्य | होलसेलर बक्री मूल्य | रिटेलर बिक्री |
|---|---|---|---|---|
| मलमल छाप चुना सुर्ती | रु. ४२० | रु ४२५ (प्रति आउटर) | रु ४५२ (प्रति आउटर) | रिटेलर विक्री मूल्य रु ५०० (प्रति आउटर) |

**नोट**: उपरोक्त मूल्यमा सम्पूर्ण करहरु समावेश गरिएको छ । सूर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ ।

# बालजागृतिका विद्यार्थीको आवाज

# मदन कृष्ण श्रेष्ठ

(जीवनी)



अनुष्का देवकोटा

हाँस्य कलाकार मदनकृष्ण श्रेष्ठ एक अभिनेता र गायक हुनुहुन्छ। उहाँको जन्म विक्रम सम्वत् २००७ साल बैशाख ७ गते काठमाडौंमा भएको थियो । उहाँ



माता लक्ष्मी देवी श्रेष्ठ र पिता रामकृष्णलाल श्रेष्ठको छोरा हुनुहुन्छ । उहाँ छ महिनाभन्दा कम उमेरमा हुँदै गर्दा आफ्नी आमाको स्वर्गवास भयो । बाल्यकालमा धेरै नै संगीतमा रुचि राख्ने मदनकृष्णले विक्रम सम्वत् २०२२ सालमा रेडियो नेपालबाट आफ्नो पहिलो गीत रेकर्ड गर्नुभयो । उहाँले १४ बर्षको उमेरमा नै शिक्षकको रुपमा काम गर्न थाल्नुभयो ।

उहाँको स्कुले जीवन डामाडोल नै रह्यो । एक कक्षा विश्व ज्योति सिनेमा भवन अगाडिको स्कुलमा पढ्नुभयो । २, ३ र ४ कक्षा जितपुरफेदीमा र ५ कक्षा विद्यामन्दिरमा, ६ कक्षा दरबार हाइस्कुलमा, ७ कक्षा पद्मोदय, ८ कक्षा शान्ति विद्यागृह, ९ कक्षा जुद्धोदय, त्रिभुवन दरबार स्कुल अनि टेस्ट पास भएपछि शान्ति निकुञ्जबाट एसएलसीपछि महेन्द्र रत्न पब्लिक कलेजमा पढ्नुभयो । प्राइभेट संस्थानबाट बीए पास गर्नुभयो । तर कला क्षेत्रमा संलग्न हुनुभएकाले त्यसपछि पढाइलाई अगाडि बढाउन सक्नुभएन । विसं २०३० सालमा उहाँले प्रेमिका यशोदा सुवेदीसँग अन्तरजातीय प्रेम विवाह गर्नुभयो । उहाँहरूको एक छोरा र एक छोरी हुनुहुन्छ। २०३२ सालमा राष्ट्रिय गाईजात्रा महोत्सवमा उहाँले गर्नुभएको नाटक धेरै नै चर्चित भयो ।

मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्यको एक महसंचार नामक कम्पनी छ। जहाँ उहाँहरुले चलचित्र टेली चलचित्र स्टेज कार्यक्रमहरु प्रस्तुत गर्नुहुन्छ। महद्वारा बनाइएका सबै कार्यक्रमहरु सन्देशमूलक हुन्छन् । उहाँका चर्चित कार्यक्रमहरू हरिबहादुर, मदनबहादुर, लालपुर्जा, दशैं, १५ गते आदि हुन् । उहाँले धेरै चर्चित नाटक र चलचित्रमा उत्कृष्ट अभिनय गर्नुभएको छ । उहाँ अहिले पार्किन्सन रोगबाट ग्रसित हुनुहुन्छ। कोलोन क्यान्सरबाट २०७४ चैत्र १९ गते उहाँकी श्रीमतीको मृत्यु भएपछि बहुमुखी प्रतिभाका धनी मदन कृष्ण श्रेष्ठ एक्लो जीवन बिताउँदै हुनुहुन्छ । *कक्षा-४*

# कसरी भयो प्रकृतिको श्रृजना ?



सर्जु भण्डारी



मानव जिवनको श्रृष्टीदाता, हामीहरूको विश्वास बोक्नु भएको, कसैले काल्पनिक भन्छन् त कोहीले उहाँको अस्तित्वमा विश्वास गर्छन् तर उहाँको सम्मानमा सबै वफादार हुन्छन् । भगवान, देवी देवता, इश्वर परमेश्वर, परमात्मा विभिन्न नामले चिनिन्छन् । यसका साथै धर्म अनुसार पनि विविधता पाइन्छ । हामी मानवद्वारा मात्र एउटै भगवानलाई विविध रूपले चिन्छौं कि यसको भिन्न तथ्य हो ? हामीले हाम्रो श्रृष्टीदाता बीच विभिधता देखाए पनि उहाँहरूको बासस्थान निश्चित हुन्छ छन "स्वर्ग" । स्वर्गका राजा इन्द्र थिए । उनका गुरु बृहस्पति उनिहरू दुई मात्र नभई अन्य भिन्न भगवनहरुको बासस्थान थियो । इन्द्रले उहाँहरूलाई सेनापतिको रूपमा राखेका थिए । त्यहाँ मेघ र विजुली नाम गरेको प्रेमिकाहरू पनि थिए ।

एक दिनको कुरा हो, स्वर्गका सेनापतिहरुको मनमा एक संकोच वा जिज्ञासा उत्पन्न भयो । त्यो जिज्ञासाको बारेमा इन्द्रसँग कुरा गर्ने निर्णय गरियो र इन्द्रसँग गएर भने, क्षमाप्रार्थी छु गुरु इन्द्रले भने, "किन र ? के भयो ?" सेनापतिले भन्यो, हुन त हजुरको अगाडि प्रश्न उठाउने लागेको जिज्ञासालाई पनि रोक्न सक्दिनँ । इन्द्रले भन्यो, "पहिले त कसैले कसैको अगाडि प्रश्न उठाउँदा सानो वा ठुलो भन्दैन र के ? हो ? र त्यस्तो जिज्ञासा जुन सोध्न तिमी मध्यरातमा आयौ भन न । सेनापतिले भन्यो, मलाई हजुरहरूले मानवको श्रष्टी गर्नु भएको भन्ने कुरामा कुनै संकोच छैन तर मानव जिवनका लागि अनुकुल वातावरण श्रृजना कसरी गर्नु भयो र मानका लागि आवश्यक तत्वहरु समानरूपले वितरण कसरी सम्भव भयो त ? मलाई यसको बारेमा केही जानकारी पाउन चाहान्छु ।

इन्द्रले भने, "अचानक तिम्रो मनमा यस्तो विचार कसरी ?" सेनापतिले भने, "माफ गरिदिनुस तर मैले हजुरको आज्ञा पालना नगरी धर्तीमा एक पलका लागि मात्रै गएको थियो तर त्यहाँको प्रकृतिक सुन्दरताले मलाई त्याहा बात जानै इन्द्रले रिसाउँदै अर्को दिन उत्तर दिन्छ भन्यो र केही हप्ता सोचेपछि उहाँले उठोंकी गुरू वृहस्पतीलाई यस उत्तरको जवाफ माघे । उहाँले भने, "त्यो प्रकृतिको बारेमा मेरो फरक विचार छ, सुन्दा अनौठो लाग्ला तर यो नै सत्य हो । यस्तो सुन्दर प्रकृति अन्जानमा स्थापना भयो । मैले यो प्रकृतिको निर्माण मेघ र विजुलीको विवाहबारे सोचेर निर्माण गरेको थिए । नयाँ वर्षबाट सुरु गरैं, बैशाख महिनाको मसान्तमा बसन्त ऋतुको अन्त्य भयो ।

जेठ र असारमा सुरु भएको गृष्म ऋतुको असार महिनामा जुरेको शुभ साहितमा विवाह गरी सम्बन्ध स्थापना गर्ने निर्णय गरियो । "इन्द्रले भन्यो, "हाम्रौ मेघ र विजुली ? (अचम्म परेर भन्यो) वृहस्पतीले भन्नुभयो, हो । हाम्रो मेघ विजुली, यो विवाहको सबै जिम्मेवारी मलाई दिइयो र विहेको जन्ती तयार गर्ने क्रममा पृथ्वीमा रहेका झ्याउँकिरीहरूको र बाँसको झिमझिमलाई वाजा बन्ने सहयोग माघे र त्यहाँका बकुल्लहरूलाई जन्ती बन्ने आग्रह गरे मैले अग्ला अग्ला पहाडको निर्माण गरी केशको खम्बा र विचमा एक अग्लो पहाडलाई हरीयो दोसल्ला ओडाय पश्चात, सुरिलो भाकामा विवाह सम्पन्न गर्ने एक जनावरको निर्माण गरे जस्ले श्रुतिपथ भन्यो । अन्त्यमा, मानव जिवनको आधार वनलाई मण्डप र विभिन्न प्रकारका फुल वनस्पतीको खोजले गर्दा ढिलो भइसकेको रहेछ र ति फुललाई गलौचा बनाए । अहिले त्यो सुरिलो जनावरलाई मयुर भन्दा रहेछन् ।

उ अब मेघ र विजुली पनी आइपुगे । मेघले भन्यो, हो । त्यसपछी मलाई हिमाल जस्तो चम्किलो टोपी शरीरमा लगाई दिनु भयो । विजुलीले भनी मलाई एक सप्तरङ्गी कपडा लागाइ दिनुभयो, मेरो लागी घुम्टोमा जुनकीरीहरू थिए र शिरमा एक चम्किलो गोलो गहनो सजाइयो । म धेरै खुसी थिए र विदाइको बेलामा आसु झर्यो र वर्षाको रूपमा पृथ्वीतर्फ खस्यो । त्यो पानी किसानका लागि अमृत थियो र अन्नको उव्जनी भई भोज समाप्त भयो । वृहस्पती भन्नुभयो, "यो हो हाम्रो स्वर्गको पहिलो प्रेमिको विवाह भएको कारण यो विवाहलाई सम्झनाका लागि हरेक महिनामा यो उत्सव मनाउने गर्दछौं ।इन्द्रले भने "ओहो ! कति राम्रो संरचना रहेछ, अन्जानमा भएपनि कति राम्रो मनमोहरक तथ्य रहेछ गुरु, हजुरको शिष्य बन्न पाउँदा आभारी छु । आशीवाद दिनुस् गुरू आशीवाद दिनुस गुरू । *कक्षा-९*

# विभिन्न घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको तीन जिल्लामा विभिन्न घटनामा परी तीन जनाको मृत्यु भएको छ । मकवानपुर, चितवन र सिन्धुलीमा एक-एक जना गरी तीन जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

शनिबार राती ११ बजेर ३० मिनेटको समयमा हेटौँडा-४, कर्रामा एक जना पुरुषको मृत्यु भएको छ । कर्रामा डेरा गरी बस्दै आएका सप्तरीको तिलाक्षी गाउँपालिका-५ स्थित तोप्पाका ४८ वर्षीय रामवीर रामको मृत्यु भएको हो । रामलाई एक्कासी सास फेर्न गाह्रो भएको भनी उपचारका लागि राती १२ बजे हेटौँडा अस्पताल लगिएकोमा १२ बजेर ३७ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो ।

यस्तै शनिबार सिन्धुलीको सुनकोशी गाउँपालिका-६ स्थित रातोडाँडामा एक वृद्धको शव फेला परेको छ । बिहान ९ बजेको समयमा सुनकोशी गाउँपालिका-७ का ७८ वर्षीय शंकर सिं गोलेको शव फेला परेको हो । शव फेला परेको भन्ने खबर स्थानीयले प्रहरीलाई जानकारी गराएपछि प्रहरी टोली घटनास्थलमा खटिएको थियो । गोले बिहिबार बिहान घरबाट धुपी लिन जान्छु भनी हिँडेकोमा सम्पर्कविहिन भएको प्रहरीले जनाएको छ ।

यस्तै आइतबार राती चितवनको रत्ननगर नगरपालिका-१४ स्थित कन्यादेवीचोकमा एकजनाको मृत्यु भएको छ । ४९ वर्षीय काजिमान थापाको मृत्यु भएको हो । थापा बेलुका खाना खाएर सुतेकोमा एक्कासी मुखबाट फिज काटिरहेको अवस्थामा उनलाई आफन्तले उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुरमा लैजाने क्रममा राती १२ बजेर ३० मिनेटको समयमा बाटोमा नै मृत्यु भएको हो ।

## बालज्योतिमा निर्वाचन सुरू

# क्याप्टेनमा ९ जना विद्यार्थीको उम्मेद्वारी दर्ता



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपलिका-५, पिप्लेमा रहेको बालज्योति माविमा क्याप्टेन, सहक्याप्टेन तथा हाउस क्याप्टेनको निर्वाचन सुरु भएको छ । आइतबारदेखि सुरु भएको निर्वाचन कार्यक्रममा क्याप्टेनको पदका लागि कक्षा ८ र ९ का ९ जना विद्यार्थीले उम्मेद्वारी दर्ता गरेका हुन् ।

विद्यालय क्याप्टेनका लागि ४ जना छात्रा र ५ जना छात्रको उम्मेद्वारी दर्ता भएको विद्यालयका निर्वाचन समितिका सदस्य सचिव चिरञ्जीवी घिमिरेले जानकारी दिनुभयो । मतदानमा आधारित छात्रा क्याप्टेन भएमा सहक्याप्टेनमा छात्र निर्वाचित हुनेछन् भने छात्र क्याप्टेन भएमा सहक्याप्टेनमा छात्रा निर्वाचित हुने व्यवस्था मिलाइएको छ ।

यस्तै, ४ वटा हाउसमा क्याप्टेन र सहक्याप्टेन गरी ८ जना विद्यार्थी निर्वाचिन हुनेछन् । जसका लागि हरेक हाउसमा ३-३ जनाको उम्मेद्वारी दर्ता भएको घिमिरेले जानकारी दिनुभयो । मतदान २७ गते आइतबार हुनेछ ।

निर्वाचन कार्यक्रमको पहिलो दिन उम्मेद्वारको मनोनयन दर्ता भएको छ । सोही दिन नामावली सूची प्रकाशन तथा विद्यालयका स्काउट विद्यार्थीलाई म्यादी प्रहरीमा नियुक्तिजस्ता कार्य भएको छ । यस्तै, आज सोमबार उम्मेद्वारको विरोधमा उजुरी, मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ तथा निर्णय, उम्मेद्वारको अन्तिम नामावली प्रकाशन र उम्मेद्वारलाई निर्वाचन चिह्न प्रदान गरिने घिमिरेले बताउनुभयो । घिमिरेका अनुसार कक्षा १० का विद्यार्थीलाई मतदान गर्नमात्र सहभागी गराइनेछ । कार्यक्रममा कक्षा ४ देखि कक्षा १० का लगभग १ हजार जना विद्यार्थीले मतदान गर्नेछन् । बालज्योति माविमा एक हजार ५ सय विद्यार्थी अध्ययन गरिरहेका छन् ।

# अन्जनले विश्वकप छनौटका खेल गुमाए, मकवानपुरका ३ जना टोलीमा समावेश

समाज संवाददाता

हेटौंडाः अखिल फुटबल संघ एन्फाले विश्वकप फुटबल २०२६ को एसियाली छनोटअन्तर्गत् युएईसँग खेल्ने पुरुष राष्ट्रिय खेलाडी टोलीको घोषणा गरेको छ । आइतबार एन्फाले छनौट खेल खेल्न युएई जाने २३ जना खेलाडीको नाम सार्वजनिक गरेको हो ।

युएई जाने टोलीमा मकवानपुरका तीन जना खेलाडी अटाएका छन् भने टोलीका महत्वपूर्ण खेलाडी अन्जन विष्ट टिममा पर्न असफल भएका छन् । टोलीमा मकवानपुरका आयुष घलान, विमल पाण्डे र छिरिङ लामा पर्न सफल भएका हुन् । विष्टले चोटका कारण उक्त छनौट खेल गुमाएका हुन् । केही समयअघि बेलायत भ्रमणका बेला उनी घाइते हुन पुगेका थिए । विष्टको घुँडामा चोट लागेका कारण अबको बाँकी दुई छनौट खेल गुमाउने भएका हुन् । विष्टले यमनसँगको छनौट खेल पनि गुमाउने भएका छन् । नेपालले यहि जुन ६ मा युएईसँग छनौट खेल खेल्ने तालिका छ । यस्तै, यमनसँग जुन ११ तारिखमा नेपालले खेल्ने तालिका छ ।

# व्यवसायीद्वारा कारबाही माग

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१०, टिसिएन रोडको दायाँबायाँ सडक पेटीमा फलामे बार निर्माण गर्ने क्रममा स्थानीयलाई मर्का परेको भन्दै बिरोध जनाएका छन् । स्थानीयले प्रेस विज्ञप्ति निकाल्दै उपमहानगरपालिकाको बजेट दुरुपयोग गर्ने सम्बन्धित निकायलाई कानुनबमोजिम कारबाहीसहित तीन बुँदे माग पेश गरेका छन् ।

आइतबार टिसिएन रोडका व्यवसायी तथा स्थानीय घरधनीहरुले आंशिक निर्माण भइसकेका संरचनालाई हटाउन र स्थानीय घरधनी तथा पसल व्यवसाथीसँग सहमति लिएरमात्र कुनै निर्माण कार्य अघि बढाउन माग गरेका हुन् । सम्बन्धित वडा कार्यालयले निर्माणको क्रममा स्थानीयको सहमति नलिई र जानकारीसमेत नदिई आवतजावत गर्न नमिल्ने गरी निर्माण कार्य अघि बढाएको स्थानीयले बताएका छन् । स्थानीयले वडा कार्यालयका जनप्रतिनिधिलाई स्थानीयको सहमतिमा निर्माण कार्य अघि बढाउन अनुरोधसमेत गरेका थिए । तर एकतर्फी लागेर निर्माण कार्य अघि बढिरहेको स्थानीयले गुनासो गरेका हुन् ।

निर्माण कार्य रोक्न घरधनीहरुले उच्च अदालत पाटन, हेटौंडा इजलासमा रिट दर्ता गरेका थिए । अदालतले निर्माण कार्य रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । तर, अदालतको आदेशको पालना नगरी प्रहरी परिचालन गर्दै निर्माण कार्य अघि बढाएको स्थानीयको आरोप छ ।


## श्री ज्योति माध्यमिक विद्यालय, हर्नामाडी

**हेटौंडा-१८, मकवानपुर**

**शिक्षक आवश्यकता**

*सूचना प्रकाशित मितिः २०८१/०२/२१ गते*

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा, मकवानपुरको च.नं. १५४ मिति २०८१।०२।१७ को प्राप्त पदपूर्ती अनुमतिपत्र तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८१।०२।१८ को बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको बालविकास सहजकर्ता करार पदमा एक (१) जना शिक्षक आवश्यकता रहेको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**१. विज्ञापन नं. : ०२-०८०।०८१**
२. पद : बालविकास सहजकर्ता (अस्थायी करार)
३. सेवा सुविधा : नेपाल सरकारको नियमानुसार ।
४. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
५. न्युनतम शैक्षिक योग्यता : कक्षा १२ वा सो सरह उत्तीर्ण गरी मन्टेश्वरी तालिम लिएको ।
६. दरखास्त दस्तुर : रु ७००/- नेपाल बैंकको चल्ती खाता नं. ०२५००१००४४०८१२००००१ मा रकम जम्मा गर्नु पर्नेछ ।
७. दरखास्त दिने अन्तिम मिति : २०८१।०२।३२ गते दिउँसो ४:०० बजेसम्म ।
८. सम्पर्क मिति : २०८१/०३/०१ गते
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
१०. परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन

**आवश्यक कागजातहरू :**
१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु-२ थान
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु-२ थान
३. शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपिहरु-२ थान
४. अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपिहरु-२ थान
५. हस्तलिखित निवेदन १ प्रति
सम्पर्क नं. ९८४५१२६०२६ (प्र.अ.) वि.व्य.स. अध्यक्ष ९८५५०६९२३२

**प्रधानाध्यापक**


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८१/०२/२१ गतेको कारोबार तथा समृद्ध समाज राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति २०८०/०४/२२ गतेको कारोबार राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/०३/०४ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०१/१९ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्योट नगरेको हुनाले ऋणी एंव धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरी मिति २०८०/०३/०४ र २०८०/०४/२२ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९, ज्यामिरे स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८ साल श्रावण महिना २४ गते रोज ०१ मा दर्ता नं. २६७२३०/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०७८/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६१००४९०१३ अन्तर्गत दर्ता कायम भएको **अनु एकिकृत कृषि फार्म प्रा.लि.** । | मंगले थिङको बुहारी, थिरेन्द्र थिङको पत्नी, मकवानपुर जिल्ला, साविक भार्ता न.पा./गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९, ज्यामिरे बस्ने **अनिता स्याङबो** (ना.प्र.नं. ३१/१०४१/८७२२२, जारी मिति २०६८/०४/२७, जि.प्र.का. मकवानपुर) । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

काली थिङको नाती, मंगले थिङको छोरा, मकवानपुर जिल्ला, साविक राक्सीराङ न.पा./गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९, ज्यामिरे बस्ने **थिरेन्द्र थिङ** (ना.प्र.नं. ३१३०१७/७८, जारी मिति २०७०/०२/०१, जि.प्र.का. मकवानपुर) ।

**धितोको विवरण**

१. **ऋणी अनु एकिकृत कृषि फार्म प्रा.लि. तथा ऋणी अनिता स्याङबोको नाममा संयुक्त धितोबन्धकी कायम रहेको** मंगले थिङको बुहारी, थिरेन्द्र थिङको पत्नी, मकवानपुर जिल्ला, साविक भार्ता न.पा./गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९, ज्यामिरे बस्ने अनिता स्याङबो (ना.प्र.नं. ३१/१०४१/८७२२२, जारी मिति २०६८/०४/२७, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक ज्यामिरे गा.वि.स./न.पा. वडा नं. ०५ हाल मनहरि गा.पा. वडा नं. ०९ स्थित कि.नं. २१६१, २१९४ र १९०१ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-०-६.५-० र ०-०-७.५-०-० (बि.क.धु.) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ९, ज्यामिरे स्थित रजिष्टर्ड कार्यालय रहि कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८ साल श्रावण महिना २४ गते रोज ०१ मा दर्ता नं. २६७२३०/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०७८/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६१००४९०१३ अन्तर्गत दर्ता कायम भएको अनु एकिकृत कृषि फार्म प्रा.लि. को स्वामित्वमा रहेको मालसामन तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाईपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय, हेटौंडा, मकवानपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०३/०३ गते १६:०० बजे भित्र यस बैंकको कर्जा विभाग, शाखा कार्यालय, हेटौंडा, मकवानपुरमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०३/०४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय, हेटौंडा, मकवानपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website: www.siddharthabank.com

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ